

# अध्याय -४

## येशूका निम्ति भेटीहरू

**मूल पदहरू:** २ कोरन्थी ९:६,७; व्यवस्था १६:१७;
भजन ११६:१२-१८; १ इतिहास १६:२९;
मर्कूस १२:४१-४४ र मर्कूस १४:३-९।



***यस अध्यायको मूल सार पद:*** **"परमप्रभुले मेरो निम्ति जति उपकार गर्नुभयो, त्यसको साटो म उहाँलाई के चढ़ाऊँ? उद्धारको कचौरा उच्च उठाएर परमप्रभुका नाउँको म पुकार गर्नेछु। परमप्रभुका सारा प्रजाहरूका सम्मुख उहाँप्रति गरिएका मेरा भाकल म पूरा गर्नेछु।" भजन ११६:१२-१४।**

दशांस परमेश्वरलाई फिर्ता दिएपछि ९० प्रतिसत आयस्रोत हाम्रो हुन्छ। तर त्यसैबाट विभिन्न भेटीहरू पनि दिइन्छ। हामी कति उदार छौं भनेर हामीले दिने भेटीहरूले देखाउँछ। पौराणिक इस्राएलमा विभिन्न खालका भेटीहरू दिइन्थ्यो। पापको निम्ति दिने भेटी जुन परमेश्वरको अनुग्रहलाई सराहना गर्न, धन्यवादको भेटी जुन परमेश्वरले सुरक्षा गर्नुभएकोमा आभारित भएर दिने भेटी साथै स्वास्थ्य लाभ, सम्मुन्नति र परमेश्वरको शक्तिले सम्हाली राख्नुभएकोले वा विशेष दु:खमा राहत दिनुभएकोले त्यसप्रति आभारित भएर पनि भेटी दिइन्छ। अझ थपमा विपन्न वर्गहरूको उत्थानको निम्ति र परमेश्वरको निम्ति आराधना गर्ने भवन निर्माण गर्न र त्यसलाई व्यवस्थित गरिराख्ने भेटी पनि दिइन्छ।

जब परमेश्वरले हामीलाई अपार वा महान् आशिष तथा उपहारहरू दिनुभएको सम्झन्छौं भने हामीले दिने भेटी केही पनि होइन। परमेश्वरले हामीलाई के गर्नुभयो त्यसप्रति आभारित हुँदै उहाँको निम्ति उपहारहरू ल्याउँछौं। विशेष गरेर हाम्रो निम्ति येशूले गर्नुभएको त्याग र बलिदानप्रति हामी आभारित हुन्छौं। "उहाँलाई हामी प्रेम गर्छौं किनकि उहाँले हामीलाई पहिले प्रेम गर्नुभयो" १ यूहन्ना ४:१९)। हामीले दिएका भेटीहरूलाई स्थानीय चर्च, सेक्सन, कनफरेन्स, युनियन, डिभिजनलाई वा विश्वव्यापीरूपमा परमेश्वरको कामको निम्ति प्रगति गर्न खर्च गरिन्छ। परमेश्वरको कारोबारमा हामीले व्यवस्थपित ढँगले चलाउन भेटीहरू कसरी प्रयोग गर्नुपर्छ भनेर बाइबलले के बताउँछ यस अध्यायमा हामी छलफल गर्नेछौं।

## १. दिने प्रेरणा

परमेश्वरले नै हामीलाई पहिला प्रेम गर्नुभएकोले उहाँलाई हामी प्रेम गर्छौं। उहाँले हामीलाई अचम्मको उपहार जो येशू हुनुहुन्छ दिनुभएकोमा उहाँप्रति आभारित हुँदै हामीले गच्छे अनुसार दिँछौं। यथार्थमा हामीलाई भनिएको छ, "हामीहरूका भेटीहरू परमेश्वरलाई आवश्यक छैन। हामीहरूको उपहार, भेटी, दान आदिले उहाँलाई पोषाउन सक्दैनौं न त उहाँलाई धनी नै बनाउन सक्छौं। भजनका लेखकले भनेका छन्: 'सबै थोक तपाईंबाट नै आउँछ, र हामीले तपाईंलाई जे दिन्छौं त्यो तपाईंकै हो र हामी फर्काउँछौं।' यद्यपि उहाँका दया र आशिषहरूको सराहना देखाउन् भनेर उहाँ चाहना गर्नुहुन्छ। जब हामी स्वार्थ त्यागका प्रयासहरूमा लागेर हामीले पाएका आशिषहरू अरूलाई पनि फैलाउँछौं तब उहाँप्रति आभारित भएको देखाउँछौं। हामी परमेश्वरप्रति कृतज्ञ छौं र उहाँलाई प्रेम गर्छौं भनेर प्रकट गरेर देखाउनु सम्भावना त्यो भन्दा अरू छैन। हामीले पाएका आशिषहरू अरूहरूलाई पनि उपलब्ध गराएर उहाँप्रति देखाउने प्रेमको बिकल्प अरू उहाँले दिनुभएको छैन।"-एलेन जी ह्वाइट, काउन्सिल अन स्टुवार्डशिप, पृ. १८बाट रूपान्तरित।

जब येशूलाई "हाम्रो" पैसा समर्पण गर्छौं तब खास गरेर हाम्रो उहाँ र अरूहरूसँगको प्रेम बलियो हुन जान्छ। त्यसकारण हामीसँग भएको पैसा असल काम गर्न वास्तविक शक्ति हुनसक्छ। येशूले धेरै विषयहरूमा चर्चा गर्नुभएको थियो। अरू विषय जस्तै पैसा र धनसम्पत्तिको बारेमा चर्चा गर्न उहाँले धेरै समय दिनुभएको थियो। मत्ती, मर्कूस र लूकाको प्रत्येक छ पदहरूमा एउटा

पद पैसाको बारेमा उहाँले चर्चा गर्नुभएको थियो। सुसमाचारबाट पाइने असल सन्देश त यो छ कि पैसाको लोभ र पैसालाई दुरुपयोग गर्ने प्रवृत्तिबाट हामीलाई परमेश्वरले जोगाउनुहुन्छ।

यदि हामीले परमेश्वरको आज्ञा पालन गरेर चल्यौं भने उहाँले के गर्छु भनेर वचन दिनुभएको छ? के परमेश्वरका प्रतिज्ञाहरूलाई हामीले दावी गर्नु हाम्रो तर्फबाट स्वार्थपना हो त? हेर्नुहोस्, देहायका पदहरू, "'के खाऔंला?' कि 'के पिऔंला?' कि 'के पहिरौंला?' भनेर फिक्री नगर। किनकि अन्यजातिहरूले यी सब थोक खोज्दछन्, र तिमीहरूका स्वर्गमा हुनुहुने पिताले तिमीहरूलाई यी सबै थोकको खाँचो छ भनी जान्नुहुन्छ। तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्। यसकारण भोलिको निम्ति फिक्री नगर, किनकि भोलिको दिनले आफ्नो फिक्री आफै गर्नेछ। आजको दुःख आजको निम्ति पर्याप्त छ।" मत्ती ६:३१-३४ र "आज मैले तिमीहरूलाई आदेश दिएबमोजिम तिमीहरूले होशियारीसाथ परमप्रभु आफ्ना परमेश्वरका सबै आज्ञाहरू मानेर उहाँको वचन पालन गऱ्यौ भने, उहाँले तिमीहरूलाई पृथ्वीका सबै जातिहरूमध्ये श्रेष्ठ तुल्याउनुहुनेछ। परमप्रभु आफ्ना परमेश्वरको वचन पालन गऱ्यौ भने यी सबै आशिष् तिमीहरूलाई लाग्नेछन्, र तिमीहरूसाथ रहिरहनेछन्: तिमीहरूले सहरमा आशिष् पाउनेछौ, र गाउँ-बस्तीमा आशिष् पाउनेछौ। तिमीहरूका सन्तानमाथि आशिष् पर्नेछ, साथै खेतका उब्जनीमाथि, गाईबस्तुका बाछा-बाछीमाथि, भेड़ाबाख्राका पाठापाठीमाथि। तिमीहरूको डालो र तिमीहरूको पीठो मुछ्ने आरीमा आशिष् पर्नेछ। भित्र आउँदा र बाहिर जाँदा तिमीहरूले आशिष् पाउनेछौ। तिमीहरूका विरुद्धमा आउने शत्रुहरूलाई परमप्रभुले तिमीहरूकै सामु परास्त गर्नुहुनेछ। उनीहरू तिमीमाथि एक बाटो आउनेछन्, तर तिमीबाट सात बाटा भाग्नेछन्। परमप्रभुले तिमीहरूको ढुकुटीमा र तिमीहरूका सबै काममा आशिष् दिनुहुनेछ। परमप्रभु तिमीहरूका परमेश्वरले दिनुहुने देशमा उहाँले तिमीहरूलाई आशिष् दिनुहुनेछ। परमप्रभु तिमीहरूका परमेश्वरका आज्ञाहरू मानेर उहाँका मार्गमा हिँड्यौ भने, उहाँले तिमीहरूलाई शपथ खाएर प्रतिज्ञा गर्नुभएझैं तिमीहरूलाई आफ्नो लागि एक पवित्र जाति बनाएर स्थापित गर्नुहुनेछ। तब पृथ्वीका समस्त मानिसहरूले तिमीहरू परमप्रभुका नाउँले कहलिएका हौ भनी थाहा पाउनेछन् र तिमीहरूसँग डराउनेछन्। तिमीहरूलाई दिन्छु भनी तिमीहरूका पुर्खाहरूलाई प्रतिज्ञा गर्नुभएको

देशमा तिमीहरूका सन्तान, गाईबस्तु र भूमिको उब्जनीमाथि परमप्रभुले प्रशस्त उन्नति दिनुहुनेछ।

**परमप्रभुले आकाश, आफ्नो प्रशस्तताको भण्डार उघारेर तिमीहरूको भूमिमा ठीक ऋतुमा झरी पठाउनुहुनेछ, र तिमीहरूका हातका सबै मेहनतमा आशिष् दिनुहुनेछ। तिमीहरूले धेरै जातिलाई ऋण दिनेछौ, तर कसैबाट ऋण लिनेछैनौ। मैले आज तिमीहरूलाई दिएका परमप्रभु तिमीहरूका परमेश्वरका आज्ञाहरूमा ध्यान दिएर ती होशियारीसाथ पालन गऱ्यौ भने, परमप्रभुले तिमीहरूलाई पुच्छर होइन तर शिर तुल्याउनुहुनेछ। तिमीहरू सधैं टुप्पामा हुनेछौ, कहिल्यै फेदमा पर्नेछैनौ। मैले आज तिमीहरूलाई दिएका आदेशहरूमध्ये कुनैबाट दाहिने र देब्रेतिर लागेर अन्य देवताहरूका पछि लागी तिनीहरूको सेवा नगर।"** व्यवस्था २८:१-१४।

परिश्रम गर, आफ्नो हातले मेहनत गर भन्ने परमेश्वरको दश आज्ञाको एक आज्ञा हो, जसमा लेखिएको छ, "तिमीहरूले छ दिन काम गर्नु।" हामीले गरेको काममा परमेश्वरले आशिष दिनुहुन्छ जसको फलस्वरूप हामीमा प्रसस्त आयआर्जन हुन्छ वा धनसम्पत्ति थुप्रिन्छ। जब तिनीहरूबाट निश्वार्थ वा त्याग गरेर परमेश्वरलाई राजीखुशी भेटीहरू चढाउँछौं तब हामी उहाँको मार्गमा हिँडिरहेका छौं भन्ने प्रमाणित गर्दछ। भेटीहरू दिने योजना अत्यन्तै गहिरो आत्मिक अनुभव हुन सक्छ। हाम्रो सम्पूर्ण जीवन हाम्रा परमप्रभु परमेश्वरलाई समर्पित गरेकाछौं भन्ने तथ्यलाई हामीसँग भएको पैसालाई परमेश्वरको नाउँमा कसरी सदुपयोग गर्छौं र उहाँलाई दिन्छौं भनेर व्यक्त गरेर देखाउँछौं। अङ्ग्रेजी भाषामा एउटा कहावत छ, "जहाँ हाम्रो मुख छ त्यहाँ हाम्रो पैसा राखिनुपर्दछ।" तपाईंले परमेश्वरलाई विश्वास गर्छु वा माया गर्छु भन्नुहोला तर तपाईं उदार भएर दिनुभएको भेटीहरूले तपाईंको दावी साँच्चिकै हो कि होइन भनेर देखाउँछ। यदि हामीले दावी गरेको अनुसार चल्यौं भने परमेश्वर र अरूहरूप्रति हामीले गर्ने मायामा पनि बल पुग्दछ।

जब हामीले परमेश्वरलाई व्यक्तिगतरूपमा भरोसा राख्दछौं तब हामी भेटीहरूपनि दिने गर्छौं। हाम्रो आवश्यकता र हामीलाई के उत्तम छ त्यो उहाँले निरन्तररूपमा उपलब्ध गराउनुहुन्छ भन्ने कुरामा हामी विश्वस्त भएर बस्दछौं। ख्रीष्टमा हामी मुक्ति पायौं भन्ने आश्वासनमा हामी प्रतिवद्ध छौं भनेर निष्ठा देखाउन हामीले दिने भेटीहरूले प्रमाणित गर्दछ। कतिपय आस्थाहरूले सिकाएको अनुसार हाम्रा भेटीहरू परमेश्वरलाई खुशी पार्न वा उहाँको माया

हामीलाई देखाउन दिने होइन। बरू, विश्वासद्वारा ख्रीष्टलाई ग्रहण गर्न पाएकोमा र हामीलाई चाहिने मुक्ति र प्रसस्त अनुग्रह उहाँबाट पाइरहेकोले उहाँप्रति आभारित भएर हृदयदेखि नै गदगद भएर भेटीहरू हामी बहाउँछौं।

**२ कोरन्थी ९:६,७मा प्रभुले हामीलाई के भनिरहनुभएको छ? "मनमा शङ्कल्प गरेर दिनु" भन्नुको अर्थ के हो? दिलैदेखि हँसिलो भएर दिन हामी कसरी सिक्ने? हेर्नुहोस्, "कुरा यही हो, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ। अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम देओस्, इच्छा नभई होइन, न त करकापमा परेर। किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ। परमेश्वरले तिमीहरूलाई हरेक आशिष् प्रशस्त मात्रामा दिन सक्नुहुन्छ, ताकि तिमीहरूसित सधैं नै हरेक कुरा प्रशस्त होस्, र हरेक असल कामको निम्ति तिमीहरूले प्रशस्त मात्रामा दिन सक।" २ कोरिन्थी ९:६-८।**

## २. भेटीहरू कुन भागबाट दिइन्छ?

**व्यवस्था १६:१७ पढ्नुहोस्। जब हामी भेटीहरू दिन्छौं तब कुन आधारलाई मानेर हामी भेटी दिन्छौं? हेर्नुहोस्, "परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिनुभएको आशिष्अनुसार हरेकले आफ्नो भेटी चढ़ाओस्।"**

परमेश्वरले हामीलाई प्रसस्त जीवन, मुक्ति, सहारा र निरन्तररूपमा दिइरहनुभएको आशिषका उपहारहरूलाई स्वीकार्दै तिनीहरूप्रति आभारित हुँदै उहाँलाई हामी भेटीहरू चढाउँछौं। व्यवस्थाको पुस्तकमा लेखिएको माथिको भनाइ अनुसार हामीलाई दिएको आशिषको अनुसार हामी भेटी चढाउनुपर्दछ। यस मामिलामा येशूले आफ्नो भनाइ यसरी व्यक्त गर्नुहुन्छ, "प्रत्येक जसलाई धेरै दिइएको छ, त्यसबाट धेरै मागिनेछ, र हरेक जसलाई धेरै सुम्पिएको छ, त्यसबाट अझ बढ़ी लिइनेछ।" लूका १२:४८।

**भजन ११६:१२-१४ पढ्नुहोस्। पद १२मा सोधिएको प्रश्नलाई हामीले कसरी जवाफ दिने? पैसाको मामिला यसमा कसरी उचित देखिन्छ? हेर्नुहोस्, "परमप्रभुले मेरो निम्ति जति उपकार गर्नुभयो, त्यसको साटो म उहाँलाई के चढ़ाऊँ? उद्धारको कचौरा उच्च उठाएर परमप्रभुका नाउँको म पुकार गर्नेछु। परमप्रभुका सारा प्रजाहरूका सम्मुख उहाँप्रति गरिएका मेरा भाकल म पूरा गर्नेछु।" भजनसंग्रह ११६:१२-१४।**

परमेश्वरले हामीलाई खन्याउनुभएको प्रसस्त आशिषहरूलाई हामीले कसरी चुक्ता गर्ने? यसको सरल जवाफ त यही छ कि हामीले कहिल्यै पनि चुक्ता गर्न सक्दैनौं। तर तर्कयुक्त कुरा गर्दा यदी हामीले परमेश्वरको कामको निम्ति उदारभएर दियौं र मानव प्राणीको हितको निम्ति सहयोग गर्‍यौं भने केही हदसम्म परमेश्वरको आशिष फर्काइरहेका छौं भनेर हामी संतोषी हुनसक्छौं। जब येशूले सुसमाचार प्रचार गर्न आफ्ना चेलाहरूलाई गाउँघरमा पठाउनुहुँदा उहाँले तिनीहरूलाई यो भन्नुभयो, "तिमीहरूले सिंत्तैमा पायौ, सिंत्तैमा देऊ" (मत्ती १०:८)। हाम्रा भेटीहरूले येशूको जस्तो चरित्र निर्माण गर्न सहयोग गर्दछ। हामी स्वार्थीपनाबाट प्रेमिलो हुन जान्छौं; जसर येशूले परमेश्वरको महिमाको निम्ति खट्नुभयो त्यसरी नै हामी पनि उहाँको महिमाको निम्ति खटेका छौं भनेर देखाउन अरूहरूको हितप्रति चासो देखाउनुपर्दछ।

हामीले यो कहिल्यै पनि नबिसौं कि "परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।" यूहन्ना ३:१६। त्यसको बिपरित दिनपछि रात आउने जस्तै यदि हामीले हाम्रै निम्ति थुपारेको थुपारेकै भए हाम्रा हृदयहरू झन झन स्वार्थी हुन सक्छ। त्यसको फलस्वरूप हामी जहिले पनि दुःखी, दयनीय र उदासिन भइरहनेछौं।

परमेश्वरकहाँ भेटी ल्याउने प्रत्येक येशूभावनामाभावित हुनेको कर्तव्य हो। यसमा आत्मिक र नैतिक अर्थहरू लाग्छन्। यसलाई वेवास्ता गर्दा हाम्रे आत्मिक आयामलाई क्षती पुर्‍याउँछौं, त्यो पनि हामीले महसुस गरेको भन्दा धेरै हुनुसक्छ। अझ थपमा हामीले कति भेटी दिने र हामीले पाएको कति उपहारहरूमा कति कति दिने भन्ने निर्णय हामीलाई नै सुम्पिएको छ।

***तपाईंले दिने भेटीहरू र दान दिने मनस्थितिले तपाईंको सम्बन्ध परमेश्वरसँग कस्तो छ भनेर कसरी देखाउँछ?***

## ३. भेटी र आराधना

**चर्चको सेवाकार्यमा कस्तो विधि अपनाउनुपर्छ भनेर बाइबलले** हामीलाई बताएको छैन। तर आराधनाको विधिमा कमसेकम चारवटा चलनहरू भएको देखिन्छ। नयाँ करारमा ती चलनहरूमा बाइबल अध्ययन वा सुसमाचार प्रचार, प्रार्थना, भजन, दशांस र भेटीहरू दिने समावशे भएको पाइन्छ।

पौराणिक इस्राएलमा यहूदीहरू वर्षको तीन पल्ट परमेश्वरको सामु यरुशलेममा देखा पर्न आदेश दिएको थियो। तर जब तिनीहरू परमेश्वरकहाँ देखा पर्थे तिनीहरू खाली हात नआउन निर्देशन दिइएको थियो (व्यवस्था १६:१६)। अर्को शब्दमा भन्ने हो भने आराधना गर्ने विधिमा दशांस र भेटीहरू दिने चलन थियो। निस्तार चाड, पेन्टिकोस्ट र छाप्रोसको पर्वमा परमेश्वरका जनहरूले दशांस र भेटीहरू ल्याउँथे। ती चाडहरूमा कोही पनि खालि हात आउँदैनथ्यो।

अर्को अर्थमा भन्ने हो भने पौराणिक इस्राएलमा दशांस र भेटीहरू दिने चलन आराधनाको केन्द्रिय भाग थियो। परमेश्वरको आराधना सही रूपमा गर्ने हो भने केवल भजन गाएर, वचन पढ्ने वा सुनाउने, प्रार्थना गर्ने र परमेश्वप्रित आभारित भएर मुखबाट कृतज्ञतालाई व्यक्त गर्ने मात्र नभएर परमेश्वरको भवनमा दशांस र भेटीहरू पनि ल्याउने गर्नुपर्दछ। पौराणिक इस्राएलमा मन्दिर वा पवित्रस्थानमा ती दशांस र भेटीहरू ल्याएका थिए; तर हामीले चर्चमा ल्याउँछौं। हामीले परमेश्वरको आराधना गर्छौं भनेर हामीले दिने दशांस र भेटीले प्रमाणित गेर्दछ।

**देहायका पदहरू पढ्नुहोस्। ती पदहरूमा उल्लेख गरेका नीतिहरू हाम्रो आराधना अनुभवमा कसरी उतार्ने? हेर्नुहोस्, "परमप्रभुलाई उहाँको नाउँअनुसारको महिमा चढ़ाओ, भेटी लिएर उहाँको सामु आओ। उहाँका पवित्रताको वैभवमा परमप्रभुलाई दण्डवत् गर।" १ इतिहास १६:२९; "परमप्रभुलाई उहाँको नाउँअनुसारको महिमा चढ़ाओ, भेटी लिएर उहाँको मन्दिरमा प्रवेश गर।" भजनसंग्रह ९६:८ र "हे परमप्रभु, साँच्चै म तपाईंको दास हुँ। म तपाईंकी कमारीको छोरो, तपाईंको दास हुँ। तपाईंले मेरो बन्धनबाट मलाई मुक्त गरिदिनुभएको छ। म तपाईंको निम्ति धन्यवाद बलि चढ़ाउनेछु, र परमप्रभुका नाउँको पुकार गर्नेछु। परमप्रभुका सारा प्रजाहरूका सम्मुख प्रभुप्रति गरिएका मेरा भाकल म पूरा गर्नेछु।" भजनसंग्रह ११६:१६-१८।**

परमेश्वरका जनहरू भएकोले उहाँका कारोबारलाई व्यवस्थित तरिकाले चलाउने जिम्मा हामीलाई दिइएको छ। बप्तिस्माको समयमा नै हामीले भाकल गरेको अनुसार परमेश्वरकहाँ भेटीहरू ल्याउने भनेको हाम्रो अवसर र उत्तरदायित्व हो। यो हाम्रै आत्मिक फाइदाको निम्ति हो। परमेश्वरले हामीलाई छोराछोरीहरू हुर्काउन दिनुभएको छ। दशांस र भेटीहरू

साबथ स्कूल र चर्चमा ल्याउनु कति मजा छ भन्ने कुरालाई तिनीहरूसँगै सहभागी भएर देखाउनुपर्दछ। कतिपय ठाउँहरूमा मानिसहरूले दशांस विद्युतिय माध्यम वा अरू कुनै तवरबाट दिन्छन्। जसरी भएतापनि जब परमेश्वरको दशांस र भेटीहरू उहाँलाई नै फर्काउँछौं तब उहाँसँग गरिने आराधनामा स्वाद आउँछ।

**परमेश्वरको आराधना गर्ने विधिमा तपाईंले दिनुभएको दशांस र भेटीमा तपाईंको अनुभव कस्तो छ? यसले तपाईंको सम्बन्ध परमेश्वरमा कसरी प्रभावित पारेको अनुभव गर्नुभएको छ?**

## ४. हामीले दिने भेटीहरूमा परमेश्वरले चासो राख्नुहुन्छ

**मर्कूस १२:४१-४४ पढ्नुहोस्। यहाँ मन्दिरमा चढाउने भेटीहरूलाई येशूले बढो चासो देखाएर हेरिरहनुभएको थियो। चाहे हामी धनी हौं चाहे गरिब वा विपिन्न वर्गका हौं यस कथामा हामीले के उल्लेखनीय सन्देश पाउँछौं? हाम्रो आराधनाको अनुभवमा यस प्रयोगात्मक कथाले के नीति हामीलाई सिकाउँदछ? हेर्नुहोस्, "अनि उहाँ मन्दिरको भेटी चढ़ाउने ठाउँको सामुन्ने बस्नुभयो, र भीड़ले भेटीपात्रमा भेटी चढ़ाएको हेर्नुभयो। धेरै धनी मानिसहरूले ठूला-ठूला रकम चढ़ाए। अनि एउटी गरीब विधवाले आएर तामाका दुई सिक्का, अर्थात् एक पैसा चढ़ाई। आफ्ना चेलाहरूलाई आफूकहाँ बोलाएर उहाँले तिनीहरूलाई भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, भेटीपात्रमा चढ़ाउनेहरूमध्ये यस गरीब विधवाले सबैभन्दा बढ़ी चढ़ाई। किनभने सबैले आफ्नो-आफ्नो प्रशस्तताबाट चढ़ाए, तर यस स्त्रीले चाहिँ आफ्नो दरिद्रताबाट आफ्नो सारा जीविका नै अर्पण गरी।" (अर्थात त्यस समयको अनुसार एक दिनको ज्याला) मर्कूस १२:४१-४४।**

येशू र उहाँ चेलाहरू मन्दिरको परिसरमा भेटीदान दिने ढुकुटी बाकस राखेको ठाउँमा हुनुहुन्थ्यो। भेटी ल्याउने मानिसहरूलाई एक एक गरेर येशूले हेरिरनुभएको थियो। एउटी विधवीले दुई तामाको सिक्का त्यस दान बाकसमा राखेको येशूले देख्नुभएको थियो। उनीसँग भएको सबै पैसा उनले त्यस बाकसमा खसालेकी थिइन्। "तर उनको अभिप्रायलाई येशूले बुझ्नुभएको थियो। मन्दिरमा हुने सेवाकार्य परमेश्वरकै खतनमा भएको थियो भनेर उनले बुझेकी थिइन्। मन्दिरको कामक्रियालाई थामी राख्न उनले आफ्नो शक्तिले भ्यायसम्म दिन उत्सुक थिइन्। उनले जे गर्न सकेकी थिइन् त्यही गरिन्। उहाँको कामको स्मरण युगौं युग र अनन्त समयसम्म उनलाई आनन्द दिने

हुनेछ। उनले दिएकी भेटीमा उनको हृदयपनि गाँसिएको थियो। उनले चढाएको पैसा खास त्यति धेरै थिएन तर परमेश्वरप्रतिको प्रेम र मन्दिरको कामको चासोले गर्दा उनले आफूसँग भएको सबै पैसा खसालेकी थिइन्।"- एलेन जी ह्वाइट, काउन्सिल अभ स्टवार्डशिप, पृ. १७५बाट रूपान्तरित।

यस कथाको अर्को धेरै उल्लखीय पक्ष हो मन्दिरमा ल्याउने धेरै भेटीहरूका केवल विधवीको भेटीलाईमात्र उहाँले सराहना गर्नुभयो। उहाँलाई अस्वीकार गर्न लागेको चर्च वा मन्दिरलाई दिएको भेटीप्रति उहाँ खुशी हुनुभएको थियो। त्यो चर्च वा मन्दिर आफ्नो लक्ष्यमा जतिसुकै धेरै बिचलित वा कुबाटोमा लागेतापनि त्यस संस्थालाई समर्थन गररहनुपर्छ भन्ने येशूले यहाँ पुष्टि गर्नुभएको छ अर्थात् अगुवाहरूको मुख हेर्ने होइन परमेश्वरको अनुहार हेरेर मन्दिर वा चर्चलाई सहायता गर्न रोक्नुहुन्न भन्ने येशूको धारणा भएको पाइन्छ।

**प्रेरित १०:१-४ पढ्नुहोस्। यहाँ न त यहूदी न त इसाई भएको रोमी सिपाहीं हाकिमकहाँ स्वर्गदूत देखापरेका थिए। त्यो किन त? त्यस हाकिमका दुईवटा कामहरूलाई स्वर्गमा समर्थन जनाएको थिए उक्त स्वर्गदूतले भनेका थिए। ती के हुन्? हेर्नुहोस्, "कैसरियामा कर्नेलियस नाउँका एक जना मानिस थिए, जो इटालिया भन्ने पल्टनका एक कप्तान थिए। तिनी ईश्वरभक्त थिए, र तिनी र तिनको सारा परिवारले परमेश्वरको भय मान्थे। तिनले मानिसहरूलाई उदारतासाथ दान दिई परमेश्वरलाई सधैं प्रार्थना गर्थे। तिनले दिउँसो तीन बजेतिर दर्शनमा स्पष्ट रूपले परमेश्वरका एउटा स्वर्गदूत आफूतर्फ आएर यसो भनिरहेका सुने, "कर्नेलियस!" भयभीत भएर तिनले उनलाई नियालेर हेरे र भने, "प्रभु, भन्नुहोस्।" अनि उनले तिनलाई भने, "तिम्रा प्रार्थना र गरीबहरूलाई दिएका दान सम्झनाको रूपमा परमेश्वरको सामने पुगेका छन्।"**

यो बुझ्नु जरुरी छ कि स्वर्गमा हाम्रा प्रार्थनाहरूमात्र सुनिन्दैन तर हामी उदारभएर कुन नियतले दानहरू दिएका हुन् त्यसमा पनि परमेश्वरले चासो लिनुहुँदो रहेछ। कर्नेलियस दिनेमा उदार थिए भनेर त्यस पदमा उल्लेख गरेको छ। मत्ती ६:२१मा येशूले भन्नुभएको छ, "जहाँ तिम्रो धन छ त्यहाँ नै तिम्रो मन हुन्छ।" जब उपहार वा दानहरू कर्नेलियसले दिए त्यसको पछिपछि उसको हृदय पनि लागेको थियो। ऊ येशूको बारेमा धेरै सिक्न तयार थिए। प्रार्थना र दानले हामी परमेश्वर र मानवमित्रलाई प्रेम गर्छौं भनेर देखाउँदछ। प्रार्थनामात्र होइन, दान पनि दिनुपर्छ, र दानमात्र होइन प्रार्थना पनि गर्नुपर्छ

भन्ने एक आपसको सम्बन्धलाई यहाँ पुष्टि गरिएको छ। व्यवस्थाका पण्डितले सोधेका प्रश्नमा परमेश्वरका ती महान् नीतिहरूलाई येशूले यसरी अनुमोदन गर्नुभएको थियो, "तिमीले परमप्रभु, आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर, र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर्।" येशूले तिनलाई भन्नुभयो, "तिमीले ठीक जवाफ दियौ। त्यसै गर, र तिमी जिउनेछौ।" लूका १०:२७-२८। परमेश्वरलाई प्रेम गर्नु भन्दा प्रार्थनाले देखाउँछ भने छिमेकीलाई प्रेम गर्नु भनेको हाम्रो मुठ्ठी खोलेर दान वा सहयोग गरेको बाट देखाउँदछ।

## ५. बिशेष कार्ययोजनाको निम्ति मुठ्ठी खोलेर दिनु

खोजअनसुन्धाले यो प्रकट गरेको छ कि मानिसमा भएका सबै सम्पत्तिमा केवल ९प्रतिशतमात्र तरल सम्पत्ति हो। त्यसैबाट क्षणिक अनुरोधमा भेटीहरू दिन्छन्। हातमा भएको पैसा, चेकबुक, वचत र किनबेचको निम्ति भएको पैसालाई प्रायजसो तरल सम्पत्तिमा गनिन्छ। ती हुनेहरूमा कमसेकम त्यही तरल सम्पत्ति भनिन्छ। प्रायजसो हाम्रो ९१ प्रतिशत पुजी लगानीमा लगाउँछौं, जस्तै जग्गाजमिन खरिद र बेचबिखन, घर, पशु पालन आदि जसलाई ठोस काममा लगानी गरिने भनिन्छ।

तरल र ठोस पुजीको बीचमा कतिप्रतिशत फरक छ भनेर थाहा पाउन हजार रूपैंयालाई दुई फरक बोटलमा राखेर चित्रण गर्न सकिन्छ। त्यसमा प्रत्येक बोटलमा रहेको दश दश रुपैंया प्रतिशत भनेर गन्न सकिन्छ। सानो बोटलमा भएको ९० रुपैंयाले तरल सम्पत्तिको ९ प्रतिशत देखाउँछ भने ठूलो बोटलमा ९१० रुपैंया छ भने ९१ प्रतिशत ठोस सम्पत्तिलाई जनाउँछ।

कतिपय मानिसहरूले आफ्नो तरल पुँजीबाट भेटीहरू दिन्छन्। तिनीहरूको हातमा भएको पैसाबाट भेटी दिन्छन् तर परमेश्वरको कामको निम्ति कोही जोशिलो छ भने ठूलो बोटल वा ठोस पुँजीबाट भेटी दिन्छ। यसरी दिनेहरूको कथा बाइबलमा धेरै छन्।

**येशूलाई निमन्त्रणा गरेर साथीहरूले भोज मनाएका थिए। त्यसबेला मेरीले येशूका पाऊहरू उनले महँगो अत्तर प्रयोग गरेकी थिइन्। यसै बेला उनले येशूका पाऊहरू किन धोइन्? त्यस कथामा मूख्य पात्रहरू को थिए? हेर्नुहोस्, मर्कूस १४:३-९ "उहाँ बेथानियामा सिमोन कुष्ठरोगीको घरमा खान बस्नुहुँदा एउटी स्त्री विशुद्ध जटामसीको बहुमूल्य अत्तर सिङ्गमरमरको शीशीमा**

लिएर आई, र त्यो शीशी फुटाएर त्यो सुगन्धित जटामसीको अत्तर उहाँको शिरमा खन्याई। तर कोही-कोहीले रीस गरेर आपसमा भन्न लागे, "यो सुगन्धित अत्तर किन यसरी नोक्सानी गरेको? किनकि यो अत्तर तीन सय चाँदीका सिक्काभन्दा बढ़ीमा बिक्री गरेर गरीबहरूलाई त्यो पैसा दिन सकिन्थ्यो।" अनि तिनीहरूले त्यस स्त्रीलाई झपारे। तर येशूले भन्नुभयो, "छोडिदेओ, किन तिमीहरू यिनलाई सताउँछौ? यिनले मप्रति असल काम गरेकी छे। किनभने गरीबहरू त तिमीहरूसँग सधैं हुन्छन्, र इच्छा लागेको कुनै पनि समय तिमीहरू तिनीहरूको भलाइ गर्न सक्छौ। तर म त सधैं तिमीहरूका साथमा हुँदिनँ। यस स्त्रीले जे गर्न सक्थी त्यही गरेकी छे। यिनले मेरो शरीरको दफनको निम्ति अघिबाटै सुगन्धित अत्तर घसेर तयार पारेकी छे। साँच्चै, म तिमीहरूलाई भन्दछु, सारा संसारमा जहाँ-जहाँ यो सुसमाचार प्रचार गरिन्छ, यस स्त्रीले जे गरेकी छे यिनको सम्झनाको लागि यो कार्यको वर्णन गरिनेछ।" र यूहन्ना १२:२-८ "निस्तार-चाड़को छ दिनअघि येशू बेथानियामा आउनुभयो। त्यहाँ लाजरस बस्थे, जसलाई येशूले मृतकबाट जीवित पार्नुभएको थियो। तिनीहरूले उहाँको निम्ति त्यहाँ बेलुकीको भोजन तयार गरे। मार्थाले सेवा-टहल गर्थिन्, अनि लाजरसचाहिँ उहाँसँगै खान बस्नेहरूमध्ये एक जना थिए। तब मरियमले आधा लिटर जति कीमती जटामसीको सुगन्धित अत्तर ल्याएर येशूका पाउमा मलिन्, अनि उहाँका पाउ आफ्ना केशले पुछिन्, र अत्तरको बास्नाले घर भरियो। तर उहाँका चेलाहरूमध्ये एक जना, अर्थात् उहाँलाई पक्राउन खोज्ने यहूदा इस्करियोतले भन्यो, ५ "यो अत्तर तीन सय चाँदीका सिक्कामा बेचेर त्यो रकम गरीबहरूलाई दिए हुँदैनथ्यो?" तर त्यसले गरीबहरूको ख्याल राखेर यो भनेको थिएन, किनकि त्यो चोर थियो, र पैसाको थैलो त्यसैले राख्थ्यो, अनि त्यहाँबाट चोर्ने गर्थ्यो।

येशूले भन्नुभयो, "यिनलाई केही नभन, मेरो दफन-दिनको लागि यिनलाई त्यो राखिछोड्न देऊ। किनभने गरीबहरू सधैं तिमीहरूसँग हुन्छन्, तर म त सधैं तिमीहरूसँग हुन्नँ।"

येशूलाई दिएको मेरीको उपहार ३०० डिनार वा एक वर्षको ज्याला थियो। उनले आफ्नो ठूलो बोटलबाट उपहार दिएको हुनुपर्दछ। त्यस पछि यहूदाले येशूलाई त्यो भन्दा एक तिहाइ पैसा वा वा ३० चाँदीको सिक्काले येशूलाई बेचेको थियो (मत्ती २६:१५)। यो सानो बोटलमा राखिएको पैसाको उपहार थियो। हाम्रो ठूलो लगानीबाट परमेश्वरलाई दिन हामीमा वास्तविक

प्रेम र समर्पण उहाँमा हुनुपर्दछ। जब हामी यहूदा जस्तो लोभीपापी भयौं भने बेकारमा हामी पनि हाम्रा आत्माहरूलाई सैतानलाई बेच्न सक्छौं।

वर्णावासको काम र क्रियाकलापहरू नयाँ करारको समयमा उल्लेख गरिएको थियो। उनी सुसमाचार प्रचार गर्ने महान् काममा प्रेरित पावललसँग प्रायजसो संलघ्न भएका थिए। उनको बारेमा यसरी लेखिएको छ, "अब साइप्रस देशको लेवी कुलका योसेफ, जसलाई प्रेरितहरूले बारनाबास भनी नाउँ राखेका थिए (जसको अर्थ उत्साहको पुत्र हो), उनले आफ्नो जमिन बेचे र त्यो रकम ल्याएर प्रेरितहरूका चरणमा राखिदिए।" प्रेरित ४:३६-३७। उनले आफ्नो ठूलो लगानीबाट अत्यन्तै उदारचित्तले चर्चलाई भेटी दिएका थिए। येशूको यो वचनको शक्तिशाली अनुसरणीय उदाहरण वर्णावासले देखाएका थिए, "तिम्रो धन जहाँ छ त्यहाँ तिम्रो मनपनि हुन्छ" (मत्ती ६:२१ रूपान्तरित)।

**लिनेले जस्तै दिनेले पनि त्याग गरेर दिनु चलन किन महत्त्व छ?**

**उपसंहार:** स्वर्गमा भएको सम्झनाको पुस्तकमा हाम्रो असल कामको बारेमा मात्रै लेखिएको हुँदैन तर परमेश्वरका जनहरूमा भएको आर्थिक कारोबार कतिको पारदर्शिक वा विश्वासिलो छ त्यो पनि लेखिएको हुन्छ। "इमान्दारितासाथ परमेश्वरको ढुकुटीमा चढाएको येशूका भक्तजनको प्रत्येक भेटी स्वर्गदूतले खातामा चढाएको हुन्छ, साथै परमेश्वरले दिनुभएको बाँकि आशिषलाई कसरी प्रयोग गरेको छ त्यसको लेखा पनि राखेको हुन्छ। परमेश्वरको कामको निम्ति चढाएको प्रत्येक पैसालाई उहाँको आँखाले नियालेर हेर्नुहुन्छ। दिनेले खुशीसाथ कि हिचकिचाएर दिन्छ त्यो पनि उहाँलाई थाहा छ। कुन नियत वा अभिप्रायले भेटी दिएको छ त्यसको पनि लेखा राखेको हुन्छ। स्वार्थलाई त्याग गरेर परमेश्वरका बस्तुहरू उहाँद्वारा अपेक्षा गरिएको जस्तै उहाँलाई नै फर्काउँछ भने तिनीहरूको काम अनुसारको इनाम तिनीहरूले पाउनेछ। हुनसक्छ चर्चमा आएका भेटी, दान र दशांसहरू चर्चका पदाधिकारीहरूले दुरुपयोग गर्लान् तर परमेश्वरको महिमा र सुसमाचार सुनाउन दिल खोलेर त्याग गर्दै दिएका भेटीहरू जुन मानिसलाई होइन तर परमेश्वरलाई हो भनेर कसैले दिन्छन् भने तिनीहरूले पाउने इनाम गुमाउनेछैन।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली २, पृ. ५१८ बाट रूपान्तरित।

"आफ्नो काममा प्रगती गर्न योजना बनाउन् र प्रार्थना गरुन् भन्ने परमेश्वरको इच्छा छ। तर, कर्नेलियस जस्तै हामीले दिने कुरामा प्रार्थना सम्मिलित हुनुपर्दछ। हाम्रा प्रार्थनाहरू र लक्ष्यहरू परमेश्वरको सामु सम्झनाको निम्ति आउनुपर्दछ। कामबिनाको विश्वास मुर्दा विश्वास हो। सक्रिय र जीवित विश्वासबिना परमेश्वरलाई प्रसन्न पार्न असम्भव छ। जब हामी प्रार्थना गर्छौं तब हामीले गर्छे अनुसार जतिसक्यो त्यति दिनु जरुरी छ। हामीले केवल प्रार्थनामात्र गरेर समय बिताउने होइन तर परिश्रम गरेर आय आर्जन गरेर अरूहरूलाई दिन सक्नेहुनुपर्छ, अनिमात्र हाम्रो प्रार्थनाको मतलब हुन्छ। यदि हामीले विश्वाससाथ काम गर्‍यौं भने परमेश्वरले हामीलाई बिर्सिनुहुन्न। प्रत्येक प्रेम र स्वार्थत्यागको काम उहाँले हेर्नुहुन्छ। हामीले विश्वास अनुसार काम गरेका छौं भनेर हामी देखाउन चाहन्छौं भने उहाँले त्यसको निम्ति बाटो खोलिदिनुहुन्छ।"-एलेन जी ह्वाइट, आटलान्टिक युनियन ग्लिनर, जुन १७, १९०३बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. कतिपय मानिसहरू परमेश्वरलाई प्रसन्न पार्ने भने साधु भएर केवल प्रार्थनामामात्र लागिरहन्छन्, तर हामीले गरेको अध्ययनमा प्रार्थनाको साथ दिने पनि गर्नुपर्छ तर कामै नगरि केवल प्रार्थनामात्र गर्ने बानी बाइबलको शिक्षासँग किन तालमेल छैन? अनि आफूसँग भएका स्रोतहरू कसरी दिने, कहाँ दिने, कसलाई दिने भनेर यकिन गर्न प्रार्थनाको किन आवश्यक छ?

आ. अमेरिकाको बालस्ट्रिट लगानीमा धेरै सम्पत्ति भएका लगानीकर्ताहरूको बारेमा एउटा प्रख्यात पत्रिकाले कथा लेखेको थियो। तिनीहरू धनी भएतापनि तिनीहरूको मानसिक अवस्था दयनीय थियो, आफूहरूभित्र खाली भएको अनुभव गरिरहेको थियो। तिनीहरू ग्लानी र चिन्ताले छटपटिएको थिए। तिनीहरूमा एक जना हाकिमले भन्यो, "मेरो कामले गर्दा एक प्रतिशत अलग पैसा कमाएँ भने म मरेपछि त्यसको के मतलब हुन्छ र?" धनको लोभ वा धोखामा नपर्नु (मत्ती १३:२२) तर कमाउनेमात्र होइन दिन जाने बानीले गर्दा दिनलाई आत्मिक फाइदा हुनसक्छ भनेर त्यस कथाले हामीलाई के सिकाउँछ? धन कमाउन अभिशाप होइन तर उदारभएर धनलाई बितरण गर्नु मानिसको आत्मिक, मानसिक र शारीरिक स्वास्थ लाभ कसरी हुन्छ?

इ. एलेन जी ह्वाइटले स्वीकार गर्नुभएको छ कि हामीले दिने चन्दा वा भेटीहरूलाई मानिसहरूले दुरुपयोग गर्न सक्छ। तैपनि हामीले भेटी वा दशांस दिंदा हाम्रो ध्यान त्यस दुरुपयोगमा जानुपर्छ कि परमेश्वरमा सो सोच्नु किन अनिवार्य छ?

## कथा ४

## प्रेरणादायी चित्रकारको उपहार



मेरो १४ वर्षको छोरो इकिरो चित्र कोर्न असाध्यै मन पराउँछ। जापानमा गर्मी महिनाको छुट्टीमा के गर्ने भनेर उसले योजना गरिसकेको थियो। नयाँ टाबलेट वा पातलो कम्प्युटर र त्यसको निम्ति सफ्टवेर किन्न उसले पैसा जम्मा गर्ने निर्णय उसले गऱ्यो। त्यस कम्प्युटरमा उसले आफूले चाहेको अनुसार चित्र बनाउन सक्थ्यो।

इकिरोले अनलाइनबाट उसको निम्ति सबभन्दा असल टाबलेट कम्प्युटरको अनलाइनमा खोजनिति गरे। ऊ बाबुसँग पसलमा गए। त्यत्तिक्कै बेला उसले पैसा कमाउने अवसर पनि हेरिरहेको थियो। आफ्नै घरमा गरिने कामको निम्ति पनि उसले मसँग पैसा माग्न थालेको थियो।

केही समयपछि उसले ५५,००० जापानी यन वा ५०० अमरिकी डलर जम्मा गरेपछि अनलाइनमा त्यो टाबलेट कम्प्युटर उसले मगायो। जब त्यो आइपुग्यो तब उसले त्यसलाई चलाएर त्यसमा चित्र बनाउन थाल्यो। केही दिनपछि ऊ त जान्ने चित्रकार जस्तै भयो। तब एक दिन कोठाबाट बाहिर आएर मलाई चकित पार्ने गरेर घोषणा गऱ्यो, "म यो ट्याबलेट कम्प्युटर दिने तरखरमा छु।" जापानको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले निकालेको एउटा भिडियो उसले देखेको थियो। त्यसमा एलेन जी. ह्वाइटको *द ग्रेट कन्त्रोभर्सी स*चित्रमा निकाल्न खोजेको देखेको थियो। त्यस भिडियोमा एक जना युवतीले पुरानो टाबलेटमा चित्र बनाउन सुरु गरेको देखेको थियो।

"यदि मैले उनलाई मेरो टाबलेट दियो भने उनले आफ्नो काम राम्रोसँग गर्न सक्थी होलान्। परमेश्वरको चाहना होकि भनेर म प्रार्थना गर्दैछु," इकिरोले भन्यो।

मैले तुरन्तै त्यस कार्यक्रमको अगुवालाई सम्पर्क गरें र उनले मलाई युवती चित्रकारसँग सम्पर्क गराए। इकिरोलाई जस्तै उनलाई पनि टाबलेट कम्प्युटरको आवश्यक भएको रहेछ। इकिरोले आफ्नो टाबलेट दिन चाहेको कुरा मैले निकालें। तर जब त्यसको निम्ति इकिरोले कडा परिश्रम गरेको थाहा पाइन् तब त्यो लिन उनी हिचकिचाइन्। तर इकिरोले उनलाई त्यो दिन

निर्णय गरिसकेको भनेर उनले थाहा पाएपछि उनले भनिन्: "हुन्छ त धेरै आभारित भएर त्यो स्वीकार्छु।"

परमेश्वरले मेरो छोरोको हृदय पवित्र आत्माले प्रभावकारीरूपमा छुनुभएको मैले विश्व"स गर्दछु। त्यो टाबलेट किन्नुभन्दा पहिले उसको मनमा पैसामात्रै धेरै कमाउन खेलाएको थियो। जब पवित्र आत्माले काम गर्नुभयो तब उसको चासो आफूबाट परमेश्वर र मिशनको काममा सार्‍यो। परमेश्वरको आवाजलाई मेरो छोरोले सुनेकोमा म खुशी छु। उहाँको महिमाको निम्ति उसले सहयोग गरेकोले म आनन्दित भएको छु। येशूको आगमनको सन्देश सुनाउने लक्ष्यलाई पूरा गर्न परमेश्वरले बोलाउनु हुँदा सबैले उहाँको आवाजलाई सुन्न सकुन्।

**- सचिको ओबारा**